४. <u>राष्ट्रिय एम्बुलेन्स सञ्चालन समन्वय समिति</u> : (१) एम्बुलेन्स सम्बन्धी नीतिगत व्यवस्था गर्नको लागि मन्त्रालयमा देहायका संयोजक र सदस्य रहेको एक राष्ट्रिय एम्बुलेन्स सञ्चालन समन्वय समिति रहनेछ :-

(क) मन्त्रालयले तोकेको मन्त्रालयको प्रमुख विशेषज्ञ -संयोजक

(ख) प्रमुख, चिकित्सा सेवा महाशाखा, मन्त्रालय -सदस्य

(ग) प्रमुख, अनुगमन तथा मुल्याङ्कन महाशाखा, मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, सहसचिव, गृह मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयले मनोनित गरेको आकस्मिक उपचार विज्ञ वा संस्थागत प्रतिनिधि दुई जना -सदस्य

(च) प्रमुख नीति, योजना तथा अन्तराष्ट्रिय सम्वन्वय महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सम्बन्धी नीतिगत सुधारको लागि आवश्यक अध्ययन गरी नेपाल सरकारलाई स्वास्थ्य मन्त्रालय मार्फत सुझाव पेश गर्ने,

(ख) स्वास्थ्य मन्त्रालयको मातहत एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक कार्य गर्ने,

(ग) एम्बुलेन्स सम्बद्ध जनशक्तिको वर्गीकरण गरी योग्यता निर्धारण गर्ने,

(घ) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य शिक्षण संस्था तथा सम्बन्धित अन्य संस्थासँग समन्वय गरी एम्बुलेन्स सम्बद्ध जनशक्तिको लागि आवश्यक शिक्षण तथा तालिमको व्यवस्था गर्ने,

(ङ) यस निर्देशिका अनुरूप एम्बुलेन्स सेवा सञ्चालन भए नभएको अनुगमन गर्ने,

(च) एम्बुलेन्सको वर्गीकरण, बिरामी बोक्नु पर्ने दुरी र भौगोलिक विकटताको आधारमा सेवा शुल्क निर्धारण भए नभएको नियमन गर्ने ।

(३) समितिको कूल सदस्य सङ्ख्यामध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा वैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समिति</u> : (१) प्रत्येक जिल्लामा एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायको पदाधिकारीहरू रहेको जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य

(ग) जिल्लास्थित सरकारी अस्पतालबाट संयोजकले तोकेको

भाग हरियो र रातो रङ्गको ब्याटनबर्ग शैली वा चेसबोर्ड शैलीमा भएको,

(ठ) 'ग' वर्गको एम्बुलेन्समा राष्ट्रिय समन्वय समितिले तोकेको ढाँचामा बाहिर देखिने भागको कम्तीमा दुई तिहाई भाग हरियो, त्यसबाहेक देखिने भाग रातो र पहेंलो रङ्गको ब्याटनबर्ग शैली वा चेसबोर्ड शैलीमा भएको ।

तर आर्थिक वर्ष २०७३/७४ सम्म सञ्चालन अनुमति लिने 'ग' वर्गका एम्बुलेन्सको हकमा आर्थिक वर्ष २०७८/७९ सम्मको अवधिको लागि सेतो रङ्गको हुन सक्नेछ ।

(२) राष्ट्रिय आकस्मिक उपचार समन्वय समितिले अनुसूची-७ बमोजिमको मापदण्ड तथा सुबिधाका आधारमा एम्बुलेन्सको वर्गीकरण गर्नेछ ।

(३) आर्थिक वर्ष २०७४/७५ देखि महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा सञ्चालनको लागि "क" वा "ख" वर्गका एम्बुलेन्सलाई मात्र सेवा सञ्चालन अनुमति प्रदान गर्नु पर्नेछ ।

तर आर्थिक वर्ष २०७३/७४ सम्म सेवा अनुमति लिई उपमहानगरपालिका वा महानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका एम्बुलेन्सको हकमा यस निर्देशिका बमोजिम वर्गीकरण हुँदा "ग" वर्गमा वर्गीकृत हुने एम्बुलेन्सले पनि महानगरपालिका तथा उपमहानगरपालिका क्षेत्रमा सेवा सञ्चालन गर्न सक्नेछन् ।

११. <u>एम्बुलेन्स चालक तथा अन्य व्यवस्था</u> : (१) संस्थाले एम्बुलेन्समा देहाय बमोजिमको योग्यता पुगेको चालक राख्नु पर्नेछ :-

(क) रीतपूर्वक सवारी चालक प्रमाणपत्र लिएको,

(ख) सवारी चालकको रूपमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त गरेको,

(ग) पच्चीस वर्ष उमेर पूरा भएको,

(घ) राष्ट्रिय आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिमको प्राथमिक उपचारको तालीम प्राप्त गरेको ।

(२) संस्थाले प्रत्येक वर्ष एम्बुलेन्स चालकको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

(३) संस्थाले एम्बुलेन्स प्रयोगको लग बुक राख्नु पर्नेछ ।

(४) एम्बुलेन्स प्रयोग गर्दा भाडादर र बिरामी पक्षले गर्न हुने र नहुने कुराहरूको जानकारीमूलक सूचना गाडिको भित्री भागमा देखिने गरी राख्नु पर्नेछ ।

(५) संस्थाले एम्बुलेन्सको सुरक्षित पहुँचबारे चालक र संस्थाका प्रतिनिधिहरूलाई जानकारी गराउनु पर्नेछ ।

(६) चालकले अनुसूची-८ बमोजिमको आचार संहिताको दुई प्रतिमा हस्ताक्षर गरी एकप्रति समिति र एकप्रति संस्थालाई बुझाउनु पर्नेछ ।

(७) संस्थाले एम्बुलेन्समा एम्बुलेन्सको वर्गीकरण बमोजिम रहनु पर्ने स्वास्थ्य जनशक्तिको व्यवस्था गर्नु पर्नेछ ।

१२. <u>एम्बुलेन्स सन्जाल तथा ट्रयाकिङ्ग</u> : (१) मन्त्रालयले एउटै क्षेत्रमा सेवा पुऱ्याउने गरी एकभन्दा बढी एम्बुलेन्स रहेको अवस्थामा त्यस्ता एम्बुलेन्सलाई एउटै एम्बुलेन्स सञ्जालमा आवद्ध हुने व्यवस्था मिलाउनु पर्नेछ ।

